नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
Ext: १०१७
फ्याक्स : ०१-४५१४३११
पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं

मिति: २०८०/०८/०७ गते।

**प्रेस विज्ञप्ती-१५**

**"हुण्डी तथा अनलाईन गेम्बलिङ संचालन गर्ने व्यक्ती पक्राउ"**

उपर्युक्त सम्बन्धमा काठमाण्डौको बिभिन्न स्थानमा केहि व्यक्तीहरुले आपराधिक समूह बनाई नेपाल राष्ट्र बैंकबाट अनुमती नलिइ अवैध रुपमा हुण्डी कारोबार गरी नेपाल राष्ट्र बैंक ऐन,२०५८ अन्तर्गतको कसूर गरेको भन्ने सूचनाको आधारमा यस ब्यूरोबाट खटि गएको प्रहरी टोलीले मिति २०८०/०८/०६ गते अ.१३:०० बजेको समयमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २८ बागबजार स्थित रुपेश श्रेष्ठको घरमा निजलाई फेला पारी निजले प्रयोग गरेका मोबाईलहरु चेक जाँच गर्दा नेपाल राष्ट्र बैंकसँग इजाजतपत्र नलिई विद्युतिय माध्यम CashApp जस्ता Mobile Apps प्रयोग गरी हुण्डी, अनलाइन गेम्बलिङ, क्रिप्टो तथा अवैध रुपमा विदेशी विनिमय कारोबार गरेको प्रमाण फेला परेकोले निजको घर समेत खानतलासी गर्दा **नेपाली रु. ८९,६९,०००/- ( उनान्नब्बे लाख उनान्सत्तरी हजार मात्र)** र **USD ७०२६/- (सात हजार छब्बिस मात्र)**, को **ने.रु. ९३३८२५ /- (नौ लाख तेत्तिस हजार आठसय पच्चिस मात्र )** समेत गरि जम्मा **रु.९९०२८२५।– ( उनान्सय लाख, दुई हजार आठसय पच्चिस मात्र)** फेला पारी कानून बमोजिम बरामद गरी निजलाई पक्राउ गरिएको र थप अनुसन्धान कार्य जारि रहेको।

**पक्राउ प्रतिवादीको विवरण :-**



नाम : रुपेश श्रेष्ठ
उमेर : ४८ वर्ष
स्थायी ठेगाना : का.जि.का.म.न.पा. वडा नं. २८, बागबजार
पक्राउ मिति : २०८०।०८।०६ गते।

**बरामद भएका दशीहरु :**

मोवाइल थान -८
ल्यापटप थान -३
सि.पि.यु. थान -६
टेलर मेशिन थान- १
CCTV NVR थान- १

पासपोर्ट थान -२

नागरिकता थान -१

विभिन्न मिति र व्यक्तिको नाममा काटिएका चेक थान-६४













प्रहरी उपरीक्षक

(नवराज अधिकारी)

प्रवक्ता एवं सूचना अधिकारी

सम्पर्क नम्बर: ९८५१२९१३११

मिति २०८०/०८/०७ गते।